# पूर्वाञ्चल विश्वविद्यालय

## कानुन संकाय

## स्नातक तहका शैक्षिक कार्यक्रमहरूको

## छात्रवृत्ति प्रवेश परीक्षाको अनलाईन (ONLINE) आवेदन फाराम भर्ने सम्बन्धी सूचना

पूर्वाञ्चल विश्वविद्यालय कानुन संकाय अन्तगर्तका आंगिक एवं सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरूमा सञ्चालित कानुन संकाय अन्तर्गत स्नातक तहका BALLB/LLB शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२।०८३ (सन् २०२५) मा नयाँ भर्नाको प्रवेश परीक्षाका लागि अनलाईन (ONLINE) आवेदन फाराम आह्वान गरिएको छ । विश्वविद्यालयद्वारा तोकिएको न्यूनतम् शैक्षिक योग्यता हासिल गरेका इच्छुक विद्यार्थीहरूले आफूले अध्ययन गर्न चाहेको शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौट गरी ONLINE फारामको विवरण भरी सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरू र पासपोर्ट साइजको फोटोको Scan Copy समेत Attach गरी तोकिएको दस्तुर सहित कानुन संकायमा Online Payment मार्फत् आवेदन फाराम भर्न हुन जानकारी गराईन्छ ।

साथै नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा सम्बन्धित निकाय/संस्थाबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको Scan Copy अनिवार्य रूपले Attach गर्नु पर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### तपसिल

१. **ONLINE आवेदनका लागि Website:** www.pufale.edu.np

entrance.puexam.edu.np

२. आवेदन फाराम शुल्क (सेवा शुल्क वाहेक): रू. १,०००।- (एक हजार मात्र)

३. आबेदन शुल्क सहित बिलम्ब दस्तुर (सेवा शुल्क वाहेक) रू. १५००।- (पन्ध्र सय मात्र)

**४. BALLB छात्रवृत्ति प्रवेश परीक्षा संचालन हुने मितिः २०८२।०६।०२ गते विहिवार**

**५. परीक्षा केन्द्र पछि प्रकाशित गरिने छ ।**

**६. आवेदन भर्ने सम्बन्धी अन्य व्यवस्थाः**

(क) इच्छुक आवेदक परीक्षार्थीहरूले भर्ना हुन चाहेको स्कूल/क्याम्पस/कलेजहरू छनौट गरी ONLINE मार्फत् प्रवेश परीक्षा फाराम भरेपछि **तोकिएको दस्तुर तिरी मिति २०८२।०५।२७ गतेसम्म र बिलम्ब दस्तुर तिरी मिति २०८२।०५।२९** गतेसम्म आवश्यक कागजातहरूको सक्कल प्रतिको Scan Copy Attach गरी JPEG / JPG / PNG Format मा Upload गर्नु पर्नेछ। पू. वि. कलेज अफ ल मा आवेदन दिइसकेकाहरुले कलेजमा बुझाएक शुल्कवाट समेत ONLINE आवेदन दिन सक्ने छन् ।

(ख) स्कूल/क्याम्पस/कलेजहरूले ONLINE मार्फत् आवेदन गरेका विद्यार्थीहरूको आवश्यक कागजात र परीक्षा आवेदन शुल्क अनिवार्य रूपमा तोकिएको समयभित्र ONLINE रूजु (Verify) गर्नु पर्नेछ ।

(ग) नियमानुसार तोकिएको शुल्क तथा आवश्यक कागजातहरू UPLOAD नगर्ने विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।

(घ) रीत नपुगी आएका आवेदन फाराम तथा तोकिएका कागजात पूरा नभएका परीक्षार्थीहरूको फाराम रद्द भएमा सोको जिम्मेवार सम्बन्धित परीक्षार्थी नै हुनेछ ।

७. पू. वि. कानुन संकाय अन्तगर्तका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता सम्बन्धी विस्तृत जानकारी माथि उल्लेखित website बाटै प्राप्त गर्न सकिनेछ ।

८. ONLINE फाराम भर्ने सम्बन्धी थप जानकारी आवश्यक भएमा पूर्वाञ्चल विश्वविद्यालय प्रवेश परीक्षा समितिको **Email ID:** entrance.support@pufale.edu.np मा सम्पर्क राख्न सकिनेछ ।

**पूर्वाञ्चल विश्वविद्यालय**
**कानुन संकाय प्रवेश परीक्षा समिति-२०८२**